## आ.व.२०८१।०८२ को ११ औं कार्यपालिका वैठक मितिः २०८१।१०।०९

**छलफलका प्रस्तावहरु**

१.नगरसभाको हिउँदे अधिवेशन सम्बन्धमा ।
२.नगरस्तरिय आधारभुत अस्पताल सञ्चालन गर्ने सम्बन्धमा ।
३.कर्मचारी तह कायम सम्बन्धमा ।
४.कर्मचारीहरुको स्तर वृद्धि सम्बन्धमा।
५.डि एल पी म्याद भित्र रहेका सडकहरुको मर्मत सम्बन्धमा ।
६.राष्ट्रिय बाणिज्य बैंक सम्बन्धमा ।
७.ठेक्का म्याद थप सम्बन्धमा ।
८.जग्गा वर्गिकरण सम्बन्धमा ।
९.छुट तलव भत्ता भुक्तानी सम्बन्धमा
१०.खानेपानि तथा सरसफाई योजनो मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ सम्बन्धमा ।
११.स्थानिय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) नतिजा सम्बन्धमा ।
१२.कार्वाही गरि जानकारी पठाउने सम्बन्धमा ।
१३.किस्पान सुचिकरण कार्यक्रम सम्बन्धमा ।
१४.कार्यदल गठन सम्बन्धमा।
१५.राष्ट्रपती रनिङ शिल्ड सम्बन्धमा ।
१६.आर्थिक सहायता सम्वन्धमा ।
१७.सरस्वती प्रा वि भवन निर्माण बजेट सम्बन्धमा ।
१८.सल्लिवजार चोक देखी आर्मी व्यारेक जाने बाटो सम्मको सडक खण्ड र देवस्थल खण्ड सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १ यस नगरपालिकाको आ.व. २०८१।०८२ को हिउँदे नगर अधिवेशन माघ मशान्त भित्र बस्ने गरि आवश्यक तयारी गर्ने निर्णय गरियो ।

निर्णय नं. २ यस नगरपालिकामा हालको आवश्यक्तालाई मध्यनजर गरि देवस्थल स्वास्थ्य चौकी भवन र नगरपालिका सञ्चालन गरिएको पुरानो भवन समेतलाई प्रयोगमा ल्याई आधारभुत स्तरको नगर अस्पताल सञ्चालन गर्ने निर्णय गरियो । साथै मेडिकल अधिकृतको लागि कर्णाली प्रदेश सरकार समक्ष माग पेस गर्ने निर्णय गरियो र अन्य व्यवस्थापनका पक्षहरुमा पालिकावाट खर्च व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. ३ कर्णाली प्रदेशको स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१को दफा ८ मा भएको व्यवस्था वमोजिम यस कार्यलयवाट मिति: २०८१।०९।२२ गते प्रकाशित सुचना अनुसार तह कायमका लागि आवेदन पेश गर्ने तपशिल वमोजिमका कर्मचारीहरुलाई ऐनमा भएको व्यवस्था अनुसार वि.स. २०७७।११।०६ देखी ज्येष्ठता कायम हुने गरि तपशिल वमोजिम तह कायम गर्ने निर्णय गरियो ।

आज्ञाले
२०८१।१०।०९

नगर प्रमुख

तपशिल

| क्र.स. | कर्मचारी को नाम | संकेत नं | साविकको | | | | कायम हुने | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सेवा | समुह | तह | पद | सेवा | समुह | तह | पद |
| १ | दिनेश भण्डारी | २३६४१९ | प्रशासन | लेखा | छैठौं | लेखा अधिकृत | प्रशासन | लेखा | सातौं | वरिष्ठ लेखा अधिकृत |
| २ | महेश देवकोटा | २४२७९६ | इन्जिनियरिङ | सिभिल | छैठौं | इन्जिनियर (छैठौं) | इन्जिनियरिङ | सिभिल | सातौं | इन्जिनियर (सातौं) |

निर्णय नं. ४ कर्णाली प्रदेशको स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा २६ मा भएको व्यवस्था बमोजिम यस कार्यलयबाट मितिः २०८१।०९।२२ गते प्रकाशित सुचना अनुसार स्तरबृद्धिका लागि आवेदन पेश गर्ने तपशिल बमोजिमका कर्मचारीहरुलाई तपशिल वमोजिम स्तर वृद्धि गर्ने निर्णय गरियो ।

| क.स. | कर्मचारीको नाम | संकेत नं | साविकको | | | | कायम हुने | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सेवा | समुह | तह | पद | सेवा | समुह | तह | पद |
| १ | चक्र वहादुर रावत | १८५१६२ | शिक्षा | शिक्षा प्रशासन | सातौं | शिक्षा अधिकृत | शिक्षा | शिक्षा प्रशासन | आठौं | बरिष्ठ शिक्षा अधिकृत |

निर्णय नं. ५ यस नगरपालिकाले आ व २०८०।८१ मा ठेक्का व्यववस्थापन गरि निर्माण गरेका तपशिल अनुसारका सडक तथा संरचनाहरुको डि एल पि बाँकी रहेको र सो को मर्मत गनुपर्ने भएकाले सम्वन्धीत निर्माण व्यवसायीहरुलाई मर्मत सम्भारको लागि पत्राचार गर्ने निर्णय गरियो ।

तपशिल

| क.स. | सडक तथा संरचनाको नाम | ठेक्का नम्वर | निर्माण कम्पनीको नाम | डि एल पी सकिने मिति |
|---|---|---|---|---|
| १ | सुनौली मैदुपोपरी स्वारा ज्युला कुइरेपानी सडक स्तरोन्नती | BAKUNAPA/NCB/WORKS-06-2080/81 | विवेक विशाल निर्माण सेवा सल्यान | २०८२श्रावण मशान्त |
| २ | सुनौली वनगाड क्याम्पस सडक स्तरोन्नती | BAKUNAPA/SQ/WORKS-25-2080/81 | जनक कन्द्रक्सन कुमाख गापा सल्यान | २०८२श्रावण मशान्त |
| ३ | नाथेखोला वाँफकोट शहिदगेट सडक | BAKUNAPA/NCB/WORKS-13-2080/81 | एम थि विल्डर्स जाजरकोट | २०८२श्रावण मशान्त |

| | | | | |
|---|---|---|---|---|
| ४ | ढोरपिपल टाट्के रजैखोला थापाचौर पुछाला सडक निर्माण | BAKUNAPA/NCB/WORKS-17-2080/81 | एस आर कन्ट्रक्सन बनगाड कुपिण्डे नपा सल्यान | २०८२श्रावण मशान्त |
| ५ | माझखर्क सल्लिखर्क खुटी दुरुमखोला सडक निर्माण | BAKUNAPA/NCB/WORKS-14-2080/81 | भण्डारी कन्ट्रक्सन शारदा नगरपालिका सल्यान | २०८२श्रावण मशान्त |

निर्णय नं. ६ बढ्दो जनघनत्व तथा आवश्यक्तालाई मध्येनजर गरी यस नगरपालिकाको केन्द्र सल्लिबजारमा एक सरकारी स्तरको बैंकको शाखा कार्यालय स्थापना गर्न आवश्यक देखिएकोले राष्ट्रिय बाणिज्य बैंक को शाखा कार्यालय स्थापनाको लागि बैंकको प्रदेश कार्यालय तथा केन्द्रिय कार्यालय संग अनुरोध गर्ने निर्णय गरियो साथै बैंक स्थापना भएमा यस पालिकाको कारोवार सोही बैंक संग सञ्चालन गर्ने प्रतिबद्धता गरियो ।

निर्णय नं. ७ यस नगरपालिकाबाट सञ्चालित तपशिल अनुसारको निर्माण कार्यकोलागि निर्माण कम्पनिले असाढ देखी असोज सम्म ढुगां गिटटी नपाइएको कारणले कार्य सम्पन्न समयमा गर्न नसकी म्याद थपको लागि निवेदन पेश गरेकोले उक्त विषय मनासिव देखी तपशिल अनुसारको म्याद थप गर्ने निर्णय गरियो ।

तपशिल

| ठेक्का नम्बर | निर्माण कम्पनिको नाम | म्याद सकिने मिति | म्याद थप हुने अवधि |
|---|---|---|---|
| BAKUNAPA/NCB/WORKS-34-2080/81 | संरचना बिल्डर्स | २०८१।पौष मशान्ता | ३ महिना |
| BAKUNAPA/NCB/WORKS-34-2080/81 | वालान ब्रदर्श कन्ट्रक्सन एण्ड सप्लायर्स | २०८१।पौष मशान्ता | ५ महिना |

निर्णय नं. ८ यस नगरपालिकाको जग्गा वर्गिकरण कार्य अगाडी बढाउने साथै सो संग सम्बन्धित तथ्याङ्कहरु संकलन कार्यमा सबै वडाहरुले सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ यस नगरपालिकाको वडा नं ६ स्थित श्री जनता प्रा वि काराकोटमा कार्यरत प्रा वि तृतिय श्रेणीका स्थायी शिक्षक श्री सरिता रावतको आ व २०८०।०८१ तेस्रो त्रैमाषिक तलव भत्ता छुट हुन गएको भनि निजको निवेदन तथा आवश्यक कागजातहरुबाट पुष्टि हुन आएकोले निजको छुट भएको तिन महिनाको तलव भत्ता भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १० यस नगरपालिकाको खानेपानि तथा सरसफाई योजना मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ पारित गर्ने निर्णय गरियो ।

कर्ण बहादुर [illegible]

निर्णय नं. ११ यस नगरपालिकाको आ व २०८०।०८१ को स्थानिय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) नतिजा तपसिल अनुसार सार्वजनिक गर्ने निर्णय गरियो ।

| क्र.सं. | सूचक क्षेत्र | प्राप्त अंकभार (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९४.४४ | |
| २ | संगठन तथा प्रशासन | १०० | |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ८६.३६ | |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | १०० | |
| ५ | सेवा प्रवाह | ९५.३१ | |
| ६ | न्यायीक कार्यसम्पादन | १०० | |
| ७ | भौतिक पूर्वाधार | ७३.०८ | |
| ८ | सामाजिक समावेशिकरण | ९० | |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ७२.२२ | |
| १० | सहकार्य र समन्वय | ७९.१७ | |
| | जम्मा | ८९ | |

निर्णय नं. १२ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको मिति २०८१।०९।०३ गतेको च नं SKT-8182-29638 को पत्र अनुसार बनगाड कुपिण्डे नगरपालिका वडा नं ४ बस्ने कौशिला बुढालाई नगरपालिका बाट प्रदान गरेको अपाङ्गता परिचय पत्र वर्ग (क) को नियम सम्वत नभई अख्तियारको दुरुपयोग भएको भन्ने उजुरीका विषयमा आवश्यक कार्वाही गरी जानकारी पठाइदिनु भनि पत्राचार भइ आएकोले सो सम्वन्धमा यस नगरपालिकाको अपाङ्गता परिचय पत्र वितरण समन्वय समितिले परिचय पत्र वितरण तथा सो सम्वन्धी आवश्यक कागजातहरु तथा तथ्यांकको विषयमा पुनर्विचार गर्दा निज कौशिला बुढालाई सो समितिले मिति २०८०।०८।१८ गतेको निर्णय अनुसार प्रदान गरेको अपाङ्गता परिचय पत्र वर्ग (क) नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण सम्वन्धी कार्यविधि, २०७६ अनुसार नै भएको व्यहोरा निर्णय गरियो साथै सोही अनुसारको जानकारी पठाउने निर्णय गरियो ।

निर्णय नं. १३ यस आ व सशर्त अनुदान स्रोतमा आएको किसान सुचिकरण कार्यक्रम यस बर्ष वडा नं. ६ र ७ मा सञ्चालन गर्ने र रकमले भ्याएसम्म अन्य वडामा समेत सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ यस नगरपालिकाभित्रको शैक्षिक क्षेत्रको सुधारका निमित्त विद्यालय गाभ्ने देखी तह घटाउने बढाउने साथै दरबन्दी मिलान ,तथा शिक्षक विद्यार्थी अनुपात मिलान र संस्थागन विद्यालयको तह थप र घटुवा लगायतका बिषयहरुमा अध्ययन गरि प्रतिवेदन पेश गर्नका लागि नगर शिक्षा समितिले एक कार्यदल गठन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. १५ यस नगरपालिकाले आ व २०८१।०८२ को राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता यथाशिघ्र सञ्चालन गर्ने साथै प्रतियोगितामा समेल हुने सामुदायिक विद्यालयहरुले जम्मा खेलको न्युनतम २० जना खेलाडी सहभागी बनाएको खण्डमा विविध खर्च तथा व्यवस्थापन खर्च बापत अनुदानको रुपमा रु ३५,००० (पैतिस हजार) प्रति विद्यालयलाई उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१६ यस नगरपालिका अन्तर्गत वडा नं. ३ का स्थायी बासिन्दा वर्ष ८१ का वहादुर वुढा बिरामी भई उपचाररत रहेको र यस पालिकामा आर्थिक सहायताको लागि निवेदन पेस गरेकोले निजलाई आर्थिक सहायता स्वरुप रु. १०००० (दश हजार ) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १७ यस नगरपालिकाको वडा नं. ६ सुनोली स्थित सरस्वती प्रा वि भवन निर्माण कार्यको लागि आ व २०८१।०८२ को बार्षिक बजेटमा रु ५५०००००(पचपन्न लाख) बजेट रहेको र हाल डिटेल लागत अनुमान गर्दा भवन निर्माणमा जम्मा लागत अनुमान ६७५०००० (सतसठ्ठी लाख पचास हजार )हुन आएकोले ६७५०००० को नै ठेक्का आह्वान गर्ने र अपुग हुन आउने रकम रु.१२५००००( बाह्रलाख पचास हजार) आगामी नगरसभाबाट बिनियोजन गर्नको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ सल्लिबजार देखी चौरजहारी सडक खण्डमा हाल प्रयोगमा आइरहेको सल्लिवजार माथिल्लो चोक देखी आर्मी ब्यारेक जाने वाटो सम्मको सडक खण्ड मुख्य सडक खण्ड नभई सहायक सडक खण्ड भएको र मुख्य सडक खण्डको रुपमा तत्कालिन समयमा नापजाँज भई ट्याक खोल्ने कार्य तल्लोबजारको कलम बुटादेखी बजारको दक्षिण क्षेत्रबाट आर्मी ब्यारेक जाने वाटो हुँदै चौरजहारी सम्म कायम रहेकोले हाल प्रयोगमा आइरहेको सहायक खण्डमा पिच भत्कीई , खाल्डा खुल्डी परेको साँथै नालीहरु समेत आंशिक रुपमा भत्किएको अवस्थाले आवात जावातमा कठिन भई स्थानिय जनताहरुको माग अनुसार सो सडक खण्डमा नगरपालिका र सडक वोर्ड नेपालको साझेदारीमा सडक मर्मत सम्भार गर्ने निर्णय गरियो । साथै सल्लिबजार जाजरकोट सडक खण्डको वनगाडखोला पुलदखी भेरी पुल सम्मको देवस्थल वजार क्षेत्रमा सडको दाँया बाँया १५।१५ मिटर सम्वन्धित निकायले लगत कटटा गरि सकेको हुनाले उक्त क्षेत्रका घर टहरा , रुख तथा बुट्यानहरु हटाउन स्थानियलाई जानकारी गर्ने निर्णय गरियो ।

कर्ण बहादुर बुढाथोकी
नगर प्रमुख

२०८१।१०।१५